सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २९४ ♦ २०८१ साल साउन ४ गते शुक्रवार ♦ 19 July 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेसमा मन्त्रिपरिषद् विस्तार, कांग्रेस र लोसपाका मन्त्रीहरूले लिए शपथ



**खबर दर्पण समाचारदाता**
**साउन ३ गते, जनकपुरधाम**

मधेस प्रदेश सरकारको मन्त्री परिषद आज विस्तार भएको छ। सरकारमा नेपाली कांग्रेसबाट चार र लोसपाबाट एक मन्त्रीको पद तथा गोपनियताको शपथ विहिवार साँझ जनकपुरधाम स्थित प्रदेश प्रमुख कार्यालयमा सम्पन्न भएको छ।

नव गठित मन्त्रीपरिषदमा काँग्रेसबाट जनार्दनसिँह क्षेत्रीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी, सुनिलकुमार यादवलाई अर्थ, शेषनारायण यादवलाई ऊर्जा, सिँचाइ तथा खानेपानी र कौशलकिशोर रायलाई श्रम तथा यातायात र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालरानी शर्मा तिवारी शिक्षा तथा सँस्कृति मन्त्रीका रूपमा शपथग्रहण गरेका छन्।

लोसपा नेपालले दुई मन्त्रालयको माग गरिरहेको थियो । तर, मुख्यमन्त्री सतिशकुमार सिँहले तत्काल एउटा मन्त्रालय लिएर पछि थप कुराकानी गर्ने भन्दै लोसपा नेपाललाई सरकारमा सहभागी भएको लोसपाका प्रमुख सचेतक समेत रहेकी नव नियुक्त शिक्षा तथा सँस्कृति मन्त्री तिवारीले बताइन् ।

यस अघि शिक्षा तथा सँस्कृति मन्त्री रहेका नेकपा एमालेका राजकुमार लेखीलाई गृह, सञ्चार तथा कानुन मन्त्रालयको जिम्मेवारी दिइएको छ।

बिनाविभागीय मन्त्री मो. सकिल मियालाई उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले बिहीबार साँझ मन्त्रीहरुलाई पद तथा गोपनियताको शपथ गराएकी हुन् ।

*बाँकी पृष्ठ २ मा*

## महोत्तरीमा टयाक्टर दुर्घटना हुँदा दुई दर्जन बढी घाइते



**खबर दर्पण समाचारदाता**
**साउन ३ गते, बर्दिवास**

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकामा ताजिया मेला भर्न जाँदै गरेको बेला टयाक्टर दुर्घटना हुँदा दुई दर्जन भन्दा बढी घाइते भएका छन्। घाइते मध्ये एक जनालाई थप उपचार को लागि जनकपुर रेफर गरिएको छ।

जलेश्वर नगरपालिका वडा नम्बर ६ धवौलीबाट ज १ त ८०४४ नम्बरको टयाक्टरमा चढेर पिपरा, जनकपुरलगायतका

*बाँकी पृष्ठ २ मा*








## छात्रवृत्ति फाराम भर्नेसम्बन्धी सूचना

**"स्वास्थ्य-शिक्षा र समृद्धि हामी सबैको चाहना"** भन्ने मूल नाराका साथ होटल विनायक प्रा.लि. बर्दिवासद्वारा स्थापित "पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान"ले बर्दिवास नगरपालिका भित्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि तपसिलका विद्यालयहरुमा नि:शुल्क रुपमा तपसिलका संख्यामा छात्रवृत्ति प्रदान गरिने भएकोले यहि मिति २०८१ साउन १३ गतेभित्र आफूले अध्ययन गर्ने विद्यालय वा होटल विनायकको कार्यालयमा गई आवेदन फर्म भर्न आह्वान गरिन्छ ।

| क्र.सं. | विषय | संख्या-६ जना | विद्यालय |
|---|---|---|---|
| १. | डिप्लोमा सिभिल ईन्जिनियरिङ<br>विज्ञान, कम्प्युटर साईन्स | १ जना<br>१ जना | श्री जनहित नन्दलाल मा.वि. चौलिखा<br>श्री जनहित नन्दलाल मा.वि. चौलिखा |
| २. | रेडियो ग्राफि-१, फार्मेसि-१, होटल म्यानेजमेन्ट-३ र फुड एण्ड डेरी-१ | जम्मा फयाकल्टीगत-१ का दरले जम्मा-६ जना | निर्मल लामा नमूना बहुप्राविधिक शिक्षालय, खयरमारा |
| ३. | बालि विज्ञान<br>पशु विज्ञान | १ जना<br>१ जना | श्री जनता मा.वि.गौरिडाडा<br>श्री जनता मा.वि.गौरिडाडा |
| ४. | फरेष्ट्री<br>नापी सर्वे | १ जना<br>१ जना | श्री देउराली मा.वि. बर्दिवास<br>श्री देउराली मा.वि. बर्दिवास |
| ५. | प्रि-डिप्लोमा इन कम्प्युटर ईन्जिनियरिङ | १ जना | श्री रा.मा.वि. पशुपतिनाथ बनरझुल्ला |
| ६. | डिप्लोमा इन कम्प्युटर साइन्स | १ जना | श्री जनता मा.वि. डाँडाटोल विजलपुरा |

**पुनश्च:** छात्रवृत्ति प्राप्तिको लागि सम्बन्धित विद्यालयको प्रवेश परीक्षा अनिवार्य रुपले तथा प्रतिष्ठानको छनौट परीक्षा उत्तिर्ण गरेको हुनु पर्ने छ ।

सम्पर्क :

**पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान**

बर्दिबास-१, महोत्तरी

सम्पर्क नं. ९८४४०४५७४२, ९८०१९६०७९५, ९८५४०२०१०५

# मिसावट युक्त मल पाएका किसानलाई अर्को मलको बोरा उलब्ध गराइयो



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन ३ गते, महोत्तरी**

युरिया रासायनिक मलमा मिसावट भएको बोरा फेला परेको बारे सम्बन्धी समाचार को भिडियो शिरीष न्युजबाट प्रकाशित भए पछि साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड जनकपुर शाखाले चासो लिएको छ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको युरिया रासायनिक मलमा मिसावट भएको बोरा फेला परेको बारे सम्बन्धी समाचारको भिडियो शिरीष न्युजबाट प्रकाशित भए पछि साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड जनकपुर शाखाका कार्यालय प्रमुख शुभ नारायण साहले विहिवार औरही नगरपालिका १ बस्ने किसान शियासरन ठाकुर लाई युरिया रासायनिक मलको बोरा उपलब्ध गराईएको छ।

औरही नगरपालिका १ का वडा अध्यक्ष योगि चौधरी,कृषि ज्ञान केन्द्र महोत्तरीका कार्यालय प्रमुख महेश पाल,जिल्ला प्रशासन कार्यालयका सुब्बा श्याम यादव,औरही नगरपालिका कृषि शाखाका कर्मचारी पुरुषोत्तम साह लगायतको रोहवरमाम किसानलाई उक्त मल हस्तान्तरण गरिएको हो।

शाखा प्रमुख साहका अनुसार यो साल्ट ट्रेडिङ कर्पोरेशन संग भएको छैन,कहाँबाट कसरी भयो हामी छानबिन र अनुसन्धान गर्दै छु।अब देखि किसानहरु लाई यस्तो समस्या हुन दिने छैन।

# महोत्तरीमा टयाक्टर...

ठाउँमा ताजिया मेला हेर्न जाँदै गरेको बेला जलेश्वर नगर पालिका वडा नम्बर २ जिरोमाइलमा दुर्घटना भएको हो ।

टयाक्टर चालकले अत्यधिक मदिरा सेवन गरेर सवारी चलाएको कारण जिरोमाइलको डिभाइडरमा ट्याक्टर ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनामा २६ जना घाइते भएको र उनीहरूको उपचार प्रादेशिक अस्पताल जलेश्वरमा भइरहेको छ ।

घाइते मध्ये अधिकांशलाई साधारण चोटपटक लागेको प्रादेशिक अस्पताल जलेश्वरका इमरजेन्सी प्रमुख रोविनकुमार झाले जानकारी दिनुभयो ।

प्रादेशिक अस्पतालमा खटिनुभएका प्रहरी हवल्दार सुरेन्द्र ठाकुरले कम्मर, हातमा बढी चोट लागेका जलेश्वर नगर पालिका वडा नम्बर ६ का आशिष् राइनलाई थप उपचार को लागि जनकपुर रेफर गरिएको जानकारी दिनुभयो ।

ट्याक्टरमा अधिकांश बालक सवार रहेको खुलेको छ। अस्पतालमा बिरामी र बिरामीका कुरुवाको भीड बढ्दै गएपछि प्रहरीले भीड हटाएर उपचारमा सहजता प्रदान गरेको जनाइएको छ ।

# मधेसमा मन्त्रिपरिषद् ...

कांग्रेसले एक साताअघि नै मन्त्रीको नाम टुंगो लगाएको थियो । जनमतले अर्थ मन्त्रालय आफूसँगै राख्न चाहेपछि मन्त्रिपरिषद् विस्तार हुन सकेको थिएन । कांग्रेसले अर्थ मन्त्रालय नपाउने देखेपछि मधेश सरकार लाई दिएको समर्थन फिर्ताको तयारी थालेको थियो । बिहीबार प्रदेश पार्टी कार्यालय जनकपुर मा संसदीय दलको बैठक बसेको थियो । संसदीय दलको बैठक बसिरहेकै बेला अर्थसहित ४ मन्त्रालय कांग्रेसलाई दिन जनमत सहमत भएको थियो । सरकार विस्तार र मन्त्रालय बाँड्ने विषयमा जनमत पार्टीका अध्यक्ष सिके राउतले गठबन्धन दलका नेताहरुसँग बिहीबार छलफल गरेका थिए । मधेशमा जनमतका सतिशकुमार सिंह नेतृत्वको सरकारमा एमाले, कांग्रेस र लोसपा सहभागी भएको छ । गठबन्धनमा रहेको लोसपाले २ मन्त्रालयको अडान राखेको थियो ।

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सुचना

**प्रकाशित मितिः २०८१/०४/०४**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बर्दिवासबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सूरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्घंन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि १५(पन्ध्र) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सूरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५(पन्ध) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै(दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्धारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको महोत्तरी जिल्ला बर्दिवास नगरपालिका वडा नं.१ स्थित शाखा कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्याक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समेत समावेश गरिने व्यहोरा ऋणी तथा सम्बन्धीत व्यक्ति समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

**तपसील**

| क्र.श. | कर्जावालाको विवरण | सुरक्षण वापत धितोको विवरण | व्यक्तिगत जमानीवाला |
|---|---|---|---|
| १. | **पवि कुमारी**<br>ठेगाना :महोत्तरी जिल्ला बर्दिवास नगरपालिका वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने<br>बाबु : महाविर महतो<br>ससुरा : महेन्द्र महतो<br>श्रीमान : लक्ष्मी महतो<br>ना.प्र.नं. ७०७३०४३२<br>मिति : २०४६/११/१८<br>जि.प्र.का. महोत्तरी<br>**कर्जाः आवास** | १. महेन्द्र महतोको बुहारी, महाविर महतोको छोरी लक्ष्मी महतोको एकाघरकी श्रीमती महोत्तरी जिल्ला बर्दिवास नगरपालिका वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने पवि कुमारीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला किसाननगर गा.वि.स. वडा नं. ७/क स्थित कि.नं. ६२०, क्षे.फ. ०-०-१०-० को जग्गा र सो जग्गमा बनेको घरले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापात समेत । | **१. लक्ष्मी महतो**<br>ठेगाना :महोत्तरी जिल्ला किसाननगर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने<br>बाबु : महेन्द्र महतो<br>हजुरबुवा : फकिर महतो<br>श्रीमती : पवि कुमारी<br>ना.प्र.न.: : १८-१-०७३/७१८<br>मितिः : २०६९/०५/२३<br>जि.प्र.का. महोत्तरी<br>**२. रामेश्वर महतो**<br>ठेगाना :महोत्तरी जिल्ला किसाननगर गा.बि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कमहोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.०६ बस्ने<br>बाबु : लक्ष्मी महतो<br>हजुरबुवा : महेन्द्र महतो<br>ना.प्र.नं. : १८-१-०७३/७३०<br>मिति : २०६९/०६/१५<br>जि.प्र.का. : महोत्तरी |

**लिलामी बिक्री सम्बन्धी शर्तहरुः**

- शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्राप्त भईसक्नुपर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुनेछैन । उल्लेखित समयभित्र प्राप्त भएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले १६ औ दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको कार्यालय, बर्दिवास नपा १ मा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागिरीकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं............. Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Pyament चेक जम्मा गर्नु पर्नेछ। उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ। धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको व्याज दिईने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने ब्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पि बिक्री गरिनेछ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पुर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, बर्दिवासमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको शाखा कार्यालय, बर्दिवासमा सम्पर्क राख्न सक्न हनेछ ।

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाडौं, पो.ब.नं. ८८६७
फोन : ४५४४०३९, फ्याक्सः ४४४३७१४
Email : info@goodwill.net.np

**शाखा कार्यालयहरु**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| डिल्लीबजार | इन्द्रचोक | भक्तपुर | कुमारीपाटी | त्रिपुरेश्वर | नयाँबजार | ईटहरी, सुनसरी | विर्तामोड | नेपालगंज |
| ४४२२२९० | ५३२९५५४ | ६६२००६७ | ५४०८६९० | ५३३१५३३ | ५९१००३७ | ०२५-५८७७५१ | ०२३-५३०५४८ | ०८१-५३२०५६ |
| घोराही, दाङ्ग | ईलाम | फिदिम | बुटबल | बर्दिवास | धनगढी | नवलपुर | गैडाकोटा | भैरहवा |
| ०८२-५६३३५० | ०२७-५२०९४९ | ०२४-५२३०६८ | ०७१-५३७२८२ | ०४४-५५०२९१ | ०९१-४१७३५७ | ०४६-६७००६० | ०७१-५०१४११ | ०७१-५९०९६३ |

# राजर्षी जनक क्याम्पस नव निर्मित भवनमा संचालन

**बद्रिनाथ झा**

**साउन ३ गते, जनकपुरधाम**
शिक्षा क्षेत्रमा २५ बर्ष देखि निरन्तर उत्कृष्ट नतिजा ल्याउने राजर्षि जनक क्यामपसले यसवर्षदेखि आङ्गै नै भवनमा कक्षा ११ को प्रवेश परीक्षासँगै संचालनमा ल्याएको छ।

विज्ञान, बाणिज्य र कानून संकायमा कक्षा ११ मा भर्ना हुन एक हजार ५५ विद्यार्थी प्रवेश परीक्षा दिएको र त्यसको नतिजा विहिवार सम्म सार्वजनिक गरिने क्याम्पसका प्रिन्सिपल धर्मेन्द्र झाले बताएका छन।

कक्षा ११ बाहेक कक्षा ११ र उच्च शिक्षातर्फ विभिन्न संकायका स्नातक तथा स्नातकोतरको कक्षा संचालन नवनिर्मित भवनमा हुने भएको छ।जनकपुर ४ को विद्यापति चोकदेखि मटकोरबा जाने बाटोमै करीब ८ कट्ठा क्षेत्रफलमा निर्माणाधिन सो भवनको ५ तल्ले योजना रहेपनि हाल दुई तल्ले निर्माण सगै सम्पुर्ण पुर्वाधार त्यार भएको छ ।

हिसान धनुषाका अध्यक्ष समेत रहेका सञ्चालक संजिव कुमार ठाकुरले जनकपुरधाममै राजर्षि जनक क्याम्पस लगायतका क्याम्पसहरुले गुणस्तरीय शिक्षा दिइरहे ता पनि लाखौ खर्चेर काठमाडौ जानु ठूलो विडम्बना रहेको बताए ।उनले राजर्षि जनक क्याम्पसमै पढेका विद्यार्थीहरु प्रत्येक वर्ष मेडिकल र इन्जिनीयरिङ्ग सहित विभिन्न निकायमा नाम निकाल्न सफल भइरहेका छन्। तर एक अर्काको देखासिखी गरी अभिभावकहरुले काठमाडौ लगायतका ठाउँमा उच्च शिक्षाका लागि विद्यार्थीहरु पठाउने गरेका छन् ।राजर्शी क्याम्प

२६ बर्ष देखि निरन्तर उत्कृष्ट नतिजा सहित छात्र छात्रालाई अनुसाशित रमरणिय बतावरण मा पढाउदै आएको बताए।

राजर्शी जनक क्याम्प का सञ्चालक तथा निर्देशक निरज कुमार झा गुद्धुले क्याम्पसको बौद्धिक शारीरिक, सामाजिक, आर्थिक, भौतिक, नैतिक आदि सम्पुर्ण पक्षको वा ब्यक्तिको सर्वाङ्गीण विकास गराउन राजर्षी क्याम्प सदैब अग्रपंक्तिमा रहने गरेको खवर दर्पण लाई बताए।
















# मधेस सरकारले ल्याएको बजेटमा साउन २ गते देखि काम सुरु

**बद्रीनाथ झा**

**साउन ३ गते, जनकपुरधाम**

मधेस सरकारले ल्याएको बजेटमा आजबाट कामकाज सुरु गर्नको लागि अख्तियारी दिएको छ। प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१-०८२ को बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको हो ।

अर्थ मन्त्रालयको समेत जिम्मेवारीमा रहेका मुख्यमन्त्री सतिश सिंहले बिहीबार सबै मन्त्रालय, विभागीय प्रमुख तथा कर्मचारीहरूलाई बोलाएर सरकारले ल्याएको बजेट रकम खर्च गर्न निर्देशन दिएका हुन् । मुख्यमन्त्री सिंहले साउन २ गतेदेखि सरकारको बजेट खर्च गर्न अख्तियारी दिएका छन् । मन्त्रालयका कर्मचारी तथा प्रमुखहरूलाई १०-११ पेजको गाइड लाइनसहित काम गर्न अख्तियारी दिइएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ। मुख्यमन्त्री सिंहले समयमा विकास निर्माण गर्नका लागि आङ्ग+ नो नेतृत्वको सरकारले बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको जानकारी दिए ।

उनका अनुसार सुशासनका लागि बजेट खर्चको गर्न अख्तियारी दिइएको हो । बजेट खर्चको अख्तियारी समयमै नदिँदा विकास निर्माणसहितका काम गर्दा व्यापक गुनासाहरू आउने गरेको उनले सुनाए । यो पटक सबै प्रक्रिया चाँडै पूरा गरेर समयमै अख्तियारी प्रदान गरिएको समेत उनले बताए ।

उनले भने, 'जनताको गुनासा मात्रै होइन, यो वास्तविक विषय पनि हो । ढिलो गरी अख्तियारी जाँदा कर्मचारीहरूले काम गर्न पाउँदैनथे । अख्तियारी आएको छैन भन्दै पन्छिने काम हुन्थ्यो । त्यसकारण जनताको मर्म र भावना अनुसार यो पटक आर्थिक वर्ष सुरु भएसँगै काम गर्ने अख्तियारी प्रदान गरिएको हो ।' यो पटक कुनै पनि कर्मचारीलाई जनताको सेवामा हेलचेक्र्याइँ गर्ने छुट नभएको उनको भनाइ छ। सरकारले अख्तियारी प्रदान गर्नका लागि साउन १ गते अर्थ विधेयक राजपत्रमा प्रकाशित गरेको थियो भने २ गते विनियोजन विधेयक प्रकाशित गरेको थियो ।

यी दुईवटै विधेयक प्रकाशित भएसँगै प्रदेश सरकारले ल्याएको बजेटमा आजदेखि काम सुरु हुने भएको छ । यस अघिका सरकारले आश्विन पछि बजेट रकम खर्च गर्न अख्तियारी दिने गरेको रेकर्ड छ ।

अघिल्लो वर्ष प्रदेश सरकारले आश्विनदेखि बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको थियो । तर अहिले भने सरकारले २ महिना अगाडि नै सबै मन्त्रालय तथा सम्बन्धित विभागीय प्रमुखलाई बजेट खर्च गर्न अख्तियारी प्रदान गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालयले जानकारी दिएको छ।



प्रदेश सरकारले चालू आर्थिक वर्षको लागि ४३ अर्बभन्दा बढीको बजेट ल्याएको छ ।













खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा